प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

परासी, नवलपरासी (ब.सु.प.)

## प्रस्ताव आव्हान गरिएको सूचना

सूचना प्रकाशन भएको मितिः २०७९/०२/१२

कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.) को चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/उपभोक्ता समितिले आवश्यक कागजात सहित सूचान प्रकाशित भएको मितिले ७ (सात) दिन (२०७९/०२/१८ गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित आवश्यक कागजात संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सबैको जानकारीको लागी प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

| सूचना नं. | कार्यक्रमहरुको नाम/लक्ष्य | बजेट (रु. लाखमा) | संचालन गर्न सकिने क्रियाकलापहरु | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | न्युनतम मापदण्ड | अनुदानको सीमा | संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०७८/७९-५ | अदुवा वेसार प्रवर्द्धन कार्यक्रम (कठ्ठा- ३०) | २.३३ | -वाली तथा वस्तु उत्पादन, सङ्कलन प्रशोधन तथा बजारीकरणका आवश्यक क्रियाकलापहरु, सामाग्रीहरु तथा उपकरणहरु<br>-आवश्यक पर्ने कृषि औजार, उपकरण सामाग्री खरिद<br>-वाली तथा बस्तु अनुसार उत्पादन, प्रशोधन तथा बजारीकरण हुने कृषि औजार उपकरण सामाग्री खरिद। | जिल्लाभर | -सामूहिक वा एकल रुपमा अदुवा/वेसार खेती कम्तिमा ७ कठ्ठामा गरेको हुनुपर्ने। | -कुल लागतमा अधिकतम ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु २ लाख मध्ये जुन कम हुन आउँछ सो रकम उपलब्ध गराइने छ। | -स्वीकृत कार्यविधीको अनुसूची ३४ बमोजिमका कागजातहरु। | तेस्रो पटक प्रकाशित |

पुनश्चः कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोही बमोजिम कार्यक्रम संचालन हुनेछ। साथै माथि उल्लेखित कार्यविधिहरु, सूचना तथा आवेदकको नमुना ढाँचा कार्यालयको वेभसाईट http://nawalparasi.akc.gov.np वाट प्राप्त गर्न सकिने छ। सो सम्बन्धमा थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०७८-५२०१२६ र ५२०१०६ मा सम्पर्क गर्न सकिने छ।

२०७९/२/१२